# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं ज्येष्ठ १६ गते २०१२ साल [ संख्या ४१

## भाग १

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ६

१०-२-०१२

पब्लिक वर्क्ससंचार-विभाग अन्तर्गत टेलिफोन हेडआफिसलाई एक सीनियर मिस्त्री चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०१२ साल श्रावण १३ गते रोज ५ सम्मका तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउनुपर्दैन।

पदको विवरण यस प्रकार छः–

१. पदः– सीनियर मिस्त्री, स्थायी तथा पेन्शन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः– टेलिफोनको काममा विशेष योग्यता हुनुपर्छ।

३. विशेष योग्यताः– म्याट्रिक पास भै भारत जबलपुरमा टेलिफोन मेकानिक्समा पूरा तालिम पाएका व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ।



३६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मासिक वेतन स्केलः— मोरु. ७०।—१३०। र महँगी भत्ता मोरु. १२।५०

५. अभ्यास (प्रोबेशन) अवधिः— कमसेकम ४ महिनासम्म संतोषजनक काम गरी देखाउनुपर्छ।

६ कामः— टेलिफोन सेट र एक्सचेन्ज बोर्ड बनाउने र अरू परिआएको टेलिफोनसम्बन्धी काम गर्नुपर्छ।

७. स्थानः— काठमाडौंमा बसी काम गर्न परेका बखतमा मधेश पहाड गै काम गर्नुपर्छ।

आज्ञाले —

खड्गमान मल्ल एम्. ए.

सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,

सिंहदरबार, काठमाडौं, नेपाल.

## संसदीय प्रबन्धविभागको विज्ञप्ति

११६

२०१२—२—११—४

यस विभागबाट २०११।१०।२७ गतेको गजेटमा सल्लाहकार सभाको चालु अधिवेशन भङ्ग गरिबक्सेको भन्ने सूचना प्रकाशित भएको हुनाले अब सो सल्लाहकार सभा नै भङ्ग भएको हो वा चालु अधिवेशनसम्म मात्र भङ्ग भएको हो। सभा कायमै रही तलब पाइनै रहने के हो ? सल्लाहकार सभाका सदस्यहरूलाई तलब दिन दुविधा पर्न गयो भनी बिभिन्न जिल्ला मालहरूबाट लेखी आउने गरेकोले त्यस्तो दुविधा नहोस भन्नाखातिर यो विज्ञप्ति प्रकाशित गरिएको छ। गत २०११ साल माघ २७ गतेको गजेटले सभा भङ्ग नभई चालु अधिवेशन मात्र भङ्ग भएको हो। सभा कायमै रही माननीय सदस्यहरूले तलब पाइनै रहने हुँदा सूचित गरिएको छ।

आज्ञाले—

तिलकशमशेर थापा,

सेक्रेटरी— कानून तथा संसदीय प्रबन्धविभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९६